नेपाल सरकार

गृह मन्त्रालय

# नेपाल हज समिति

सिंहदरबार, काठमाडौं

## सन् २०२२ को हजयात्रामा खर्च नभएको विविध शुल्क बापतको रकम फिर्ता हुने सम्बन्धमा

नेपाल हज उपसमितिको मिति २०७९।०८।२९ मा बसेको बैठकले सन् २०२२ को जुनदेखि जुलाईमा हजको लागि नेपालबाट जाने यात्रुहरुसँग नेपाल हज उप समितिको मिति २०७९/०२/१५ को निर्णयानुसार प्रति व्यक्ति स्वीकृत गरिएको हज लागतमा विविध खर्च बापत लिएको प्रति व्यक्ति SAR २००।- खर्च नभएकोले नेपाल सरकार, परराष्ट्र मन्त्रालय मार्फत नेपाली कन्सुलेट जनरल, जेद्दाबाट रकम भुक्तानी हुँदा विनिमयदर परिवर्तन र बैंक कमिशन बापतबाट खर्च भएको रु.१४,४७,६१३।९१ दामासाही (यस वर्षको हजमा सहभागी ५५८ जना हज यात्रुले हुन आउने रु.२,५९४।२९ विविध खर्च बापत लिइएको प्रति व्यक्ति SAR २००।-(Today exchange rate Rs 34.70/SAR is Rs 6940) बाट कट्टा गरी बाँकी हुन आउने प्रति व्यक्ति रु.४,३४५।७१ रकम सम्बन्धित हज यात्रुहरुको खातामा फिर्ता गर्ने निर्णय भएकोले सन् २०२२ को हज यात्रामा सहभागी सबै हज यात्रीहरुले आफ्नो बैंक (नेपालका 'क' श्रेणीको बैंक)खाताको विवरण सहित आवेदकको सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा यो सूचना प्रकाशन भएको मितिले एक महिनाभित्र रकम फिर्ताको लागि आफ्नो राहदानीको छाँया प्रति सहित निवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।